# थबाङ गाउँपालिका आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम

## गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,

१. यस गरिमामय सभाको छैठौ अधिवेशनमा थबाङ गाउँपालिकाको आ.व. २०७६।७७ को नीति कार्यक्रम सम्बन्धी सम्बोधन गर्न पाउदाँ मलाई गौरव अनुभुति भएको छ।

२. यस गौरवपूर्ण क्षणमा राष्ट्र र जनताको हितका लागि १० वर्षे सशस्त्र जनयुद्ध, १९ दिनको जन आन्दोलन, मधेश आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गन्तन्त्रको राजनैतिक आन्दोलनमा शाहदत प्राप्त गर्नु हुने थबाङ १ को तेजमान घर्ति (क.दृर्ग), थबाङ ४का दिलकुमार पुन (क. ज्वार), थबाङ गाउँपालिका भित्रका सम्पूर्ण सहिदहरु र समस्त राजनैतिक आन्दोलनमा साहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पन गर्न चाहन्छु। साथै घाइते योद्धाहरु र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दै हालै यस थबाङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष श्री फर्क बहादुर बुढा बिरामी भई उपचारमा रहेकाले उहाँको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

३. "यात्रा समृद्धिको" भन्ने मूल भावनाका साथ स्थानिय तहको पहिलो सरकार गठन र गाउँ सभाबाट अगाडि बढेको थबाङ गाउँपालिका संविधान कार्यान्वयनको दुई वर्षको संघारमा आईपुग्दा कतिपय कानून, आवश्यक विधिहरु पुरा गर्न नसक्दा केही अन्यौलका बाबजुत पनि नेपालको संविधानले दिएको अधिकार क्षेत्र भित्र रही लोकतन्त्रको भावना अनुसार असिमित आवश्यकताहरुको विभिन्न प्रतिकुलताहरुको बीचमा पनि केही कार्यविधिहरुको निर्माण, बजेट कार्यन्वयन र कार्यक्रमहरुको विविध प्रयासहरुले हामीलाई अनुकुलता तर्फ अघि बढ्ने आधार तयार भएको छ। हाम्रो साझा प्रयासले आउने दिनमा पालिकाले आवश्यकताहरुको पूरा गर्दै आफ्नो गन्तव्य पुरा गर्ने छ भन्ने कुराको विश्वास गर्दछु। यसका लागि म हामी सवैको तर्फबाट खुसि प्रकट गर्न चाहन्छु।

४. नेपालको ऐतिहासिक लोकतन्त्र प्राप्तिका लागि जनताले गरेको लामो संघर्ष पछि जारी भएको नेपालको संविधान अनुरुप संघीयतालाई संस्थागत गर्न स्थानीय तहको सरकार, गाउँ सभा, जनताको विश्वास भरोसाको केन्द्रको रुपमा रहेको छ। साथै कतिपय विधि, प्रकृया र कर्मचारी समायोजन लगायतका संक्रमणको अन्त भई अपेक्षित आवश्यकताहरु पुरा हुने कुराको पनि अपेक्षा गरिएको छ।

सभाका सदस्यज्यूहरु तथा अतिथि महानुभावहरु,

अब म आर्थिक वर्ष २०७५/७६ को समिक्षा गर्न चाहन्छु।

५. संविधान कार्यान्वयनको यस घडिमा पालिकाले दिगो विकासका लागि बनाएको मर्मत संभार सम्बन्धी कार्यविधि, कृषि अनुदान ऐन, घाइते जेष्ठनागरिक सम्बन्धी कार्यविधि, विपद् व्यवस्था, स्वास्थ्य लगायत विविध कार्यविधिहरुको साथ आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद व्यवस्था र वन सम्बन्धी कार्य, संचार क्षेत्रमा भएको पहल, संस्थागत विकास, मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँगको साझेदारी कार्यक्रम, संघ संस्था, प्रदेश सरकार, संघिय सरकारबाट प्राप्त कार्यक्रमहरु कार्यन्वयन भएका छन। साथै "म कहाँ छु, कहाँ पुग्ने" भन्ने कुराको गन्तव्य तयार गर्ने कुराको पनि विश्वास गर्दछु।

६. पालिकाको थबाङ स्वास्थ्य चौकी र जलजला अस्पताल मर्ज गरी प्राथमिक स्वास्थ्य उपचार सेवा प्रदान गर्नु, जलजला हिल स्टेशन, शौचालय, कम्पाउन्ड निर्माण, जलजला धार्मिक आवास निर्माण, झकिवाङ खेलमैदान निर्माण, झकिबाङ स्कुल भवन निर्माण, थर्पू घोरावाङ तेलखोलासम्मको मोटर बाटो निर्माण, पसारी खानेपानी योजना, झेमनेटा सिचाई योजना निर्माण, थबाङ युद्ध तथा स्मारक भवन निर्माण लगायत

पालिकाको समग्र योजनाहरु र प्रदेश सरकार, संघीय सरकारबाट प्राप्त योजनाहरु कार्यान्वयन भएका छन भने जग्गा उपलब्ध गर्न नसक्दा थबाङ गाउँपालिकाको प्राशासनिक भवन, बहुउद्देश्यीय सभाहल, राष्ट्रिय संग्राहलय कार्यक्रमहरु र तिजीवाङ सिचाइ योजना कार्यन्वयन हुन सकेनन् ।

सभाका सदस्यज्यूहरु तथा अतिथि महानुभावहरु,

अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

८. **आर्थिक विकास तर्फ** "फलफूल खाउँ स्वस्थ्य रहौँ" उद्देश्यका साथ "एक घर एक विरुवा" कार्यक्रमलाई निरन्तरता दिइने छ । माटो परिक्षण गरि वागवानी तर्फ ओखर, हलुवावेद, स्याउ, किवि, टिमुर लगायतका फलफूल पकेट क्षेत्र, ब्लक क्षेत्र र सूपर जोन सम्म पुग्ने लक्ष्य सहितको नीति बनाइने छ । एवं प्रकारले नर्सरी, अन्न बाली र पशुपालन विकास, पशु नश्ल सुधार, गोठ सुधार कार्यक्रमहरुलाई अगाडी बढाइने छ । कृषि समूह, सहकारी तथा निजी क्षेत्रलाई अनुदान प्राप्त गर्ने नीतिको व्यवस्था गरिने छ । कृषकहरुको क्षमता बृद्धि विकासमा जोड दिइनेछ, कृषि तथा पशुपंक्षी व्यवसाय गर्नका लागि कृषि बिमा र सुलभ कर्जा कार्यक्रमलाई संचालन गर्न बैंक र बीमा कम्पनीहरुसँग सहकार्यका लागि जोड दिइने छ । बस्ती र भूगोलको अध्ययन गरी थबाङ गाउँपालिका कृषि स्मार्ट गाउँ घोषणा गरीने छ । रोजगार श्रृजना गर्न साना उद्यमशिलता, सिपमूलक कार्यहरुलाई पनि अगाडि बढाइने छ ।

"सय गन्तव्य मध्य एक गन्तव्य जलजला" पर्यटन विकासको सूचिमा परे अनुसार जलजलाको सम्भाव्यता अध्ययनको साथसाथै पास्वचित्र निर्माण गरि विकासमा जोड दिइने छ । सहज यातायात सुविधा र पैदल यात्राको लागि जलजलाको अध्ययन गरी मोटरबाटो र पैदल यात्राको सुनिश्चितता गरिने छ । पुरातात्वीक धार्मिक स्थल, मठ मन्दिर, भामा गुफा, लामुहीखार गुरिल्ला तालिम केन्द्र, सिज स्तम्भ संरक्षणमा जोड दिइने छ । जलजला क्षेत्रमा खानेपानी, सरसफाई युक्त शौचालय, बासस्थानको व्यवस्थापनलाई व्यवस्थित गरिने छ । वनपैदावार, वन्यजन्तु, चराचुरुङ्गी संरक्षणका लागि जलजला क्षेत्रमा तालतलैया निर्माण कार्यलाई अगाडी बढाइने छ । जलजला, थबाङ जलाकी, जन्तरे तिलाचन, हिर छेडा, ढोरपाटनसम्मको गुरिल्ला पैदल यात्रामा जोड दिइने छ । मिरुल फुलवारी, उवाको ब्राजुवाङ, जन्तरे, जेठासी धार्मिक मठ मन्दिरहरुको संरक्षणमा जोड दिइने छ ।

९. **सामाजिक क्षेत्र तर्फ** शिक्षामा गुणस्तर बढाउन विभिन्न प्रकारका तालिम, शिक्षण सिकाईका कार्यक्रमहरु गरिने छ । बाल शिक्षामा जोड दिइने छ । उत्कृष्ट विद्यार्थी, अनाथ, विपन्न बालबालिकाहरुको लागि छात्रवृति व्यवस्था गरिने छ । पालिका भित्रको आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको उच्च शिक्षाका लागि आवश्यक नीति बनाइ आर्थिक सहयोग कार्यक्रमलाई अगाडि बढाइने छ । कम्प्युटर शिक्षाको लागि कम्प्युटर लगायतका आवश्यक शिक्षण सामग्रीहरु उपलब्ध गरिने छ । विद्यालय खेल मैदान, विद्यालय भवन निर्माण, बालबालिका मैत्री शौचालय निर्माणका योजनाहरुलाई निरन्तरता दिइने छ । विद्यालय व्यवस्थापन सम्बन्धी आवश्यक नीति बनाइने छ । विद्यालयहरुको अवस्था हेरी विद्यालय मर्जको कार्य अगाडी बढाइने छ ।

थबाङ गाउँपालिका जलजला अस्पताल तथा रिसर्च केन्द्र, थबाङको १५ शैया अस्पतालको पूर्वाधार निर्माण कार्य यसै वर्षबाट थालनी गरिने छ । उवा घोराबाङ सामुदायिक स्वास्थ्य इकाई केन्द्रलाई स्वास्थ्य चौकीमा विस्तार गरिने छ र यसको पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाइने छ । उवा कोटलवारा स्वास्थ्य चौकी भवन निर्माणमा जोड दिइने छ । "थबाङ स्वास्थ्य सेवाको उपहार, स्वास्थ्य लाभ लिन गाउँ र घरघरको अधिकार" गाउँघर क्लिनिक, सामुदायिक स्वास्थ्य इकाई केन्द्र, स्वास्थ्य चौकी, १५ शैयाको अस्पतालसम्मको सेवालाई सरल सहज गर्नेमा जोड दिइने छ । निशुल्क वितरण गरिने औषधीहरु सर्वसुलभ उपलब्धताको सुनिश्चितता गरिने छ । बालमैत्री, पूर्ण खोप, सरसफाईमा जोड दिइने छ । गर्वभती महिलाहरुका लागि निशुल्क भिडियो एक्सरे र ल्याब परिक्षण गरिने छ । बालबालिका, दलित, अपाङ्ग, जेष्ठनागरिक, आर्थिक रुपमा पछाडि परेका वर्गका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ । जेष्ठनागरिक, अपाङ्ग तथा एकल महिलाको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइने छ । थबाङ गाउँपालिकाको लोपउन्मुख कला संस्कृति प्रवर्द्धनमा जोड दिइने छ । सामाजिक कार्यको लागि युवा क्लबहरुलाई अगाडि बढाइने छ । खेलकुद विकासका लागि विभिन्न खेलकुद कार्यक्रमहरुमा जोड दिइने छ । "स्वच्छ पानी, स्वस्थ जिवन" भन्ने नाराका साथ एक घर एक धारा खानेपानी योजना कार्यक्रमलाई अगाडी निरन्तरता दिइने छ । खानेपानी मुहानको अध्ययन र वस्तीहरुको तथ्याङ्क संकलन गरी वास प्लानलाई अगाडि बढाइने छ । थबाङ ठूलोगाउँ बृहत खानेपानी योजना ल्याइने छ, उवा खानेपानी योजना, मिरुल खानेपानी योजना कार्यक्रमलाई अगाडि बढाइने छ । एक घर एक शौचालय कार्यक्रमलाई अगाडि बढाइने छ । वातावरण मैत्री आधुनिक चुलो व्यवस्था कार्यक्रमलाई अगाडि बढाइने छ । मिरुलमा सञ्चालित टेलिकम टावरको निर्माण कार्यलाई सम्पन्न गर्न जोड दिइने छ ।

१०. **पूर्वाधार विकास तर्फ** थबाङ गाउँपालिकाको मानव सुचाकाङ्क र भौगोलिक बनावट, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको क्षेत्रहरुको आधारमा पालिकाको डिजिटल प्रोफाइल र आवधिक योजना यसै आर्थिक वर्षमा पुरा गरिने छ । गाउँपालिकाले गौरव योजनाहरु छनौट र प्राथमिकिकरण गरी विकासमा जोड दिने छ । भवन निर्माण, मोटरबाटो निर्माण, पक्की पुल, झोलुङ्गे पुल, खानेपानी, शौचालय, पैदल बाटो (सुलिङ, सिडि) कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य लगायत क्षेत्रको पूर्वाधार विकासमा प्रदेश, संघ, विभिन्न संघसंस्था र दात्रि निकायसँगको साझेदारी कार्यक्रमहरुको सहकार्यमा जोड दिइने छ ।

उज्यालो थबाङको लागि विद्युतीय प्रसारणको सवस्टेशन राख्न जोड दिइने छ । वैकल्पिक उर्जा र गाउँपालिकाको साझेदारीमा एक सौर्य उर्जा उत्पादनमा जोड दिइने छ । सञ्चालनमा रहेका लघु जलविद्युतहरुको मर्मत कार्यलाई व्यवस्थित गरिने छ ।

## ११. **वन, वातावरण तथा विपद् व्यवस्था तर्फ** :

"विपद सबैलाई पर्छ, हामी जुटे सजिलै टर्छ" भन्ने मान्यता अनुसार थबाङ गाउँपालिकाले वातावरण तथा विपद् व्यवस्था न्यूनिकरण कार्यलाई अगाडि बढाउने छ । वन संरक्षण, जलवायु अनुकुलन तथा जलबायु उत्थानशिल विकास योजना, र वातावरणीय दिगो विकासका कार्यक्रमलाई अगाडी बढाइने छ । वन तथा भूसंरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ । पहिरो, नदिकटान रोक्न आवश्यक तत्वन्धनका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । फोहोरमैला व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ । तालतलैया संरक्षण र निर्माण कार्यलाई अगाडि बढाइने छ ।

१२. **सुशासन तथा संस्थागत विकास तर्फ :**

टेलिकमको क्षमता वृद्धिमा विशेष पहल गरिने छ। इन्टरनेटको सुविधा घरघरसम्म पुऱ्याउन (इ–सुविधा, वर्ड लिङ्क, सुविसु) लाई विशेष पहल गरिने छ। मानव संसाधन सम्बन्धी तथ्याङ्कहरुलाई व्यवस्थित गरिने छ। नागरिक सहायता कोष स्थापना गरि कार्यान्वयनमा लिइने छ। इ हाजिरी प्रणालीलाई व्यवस्थीत गरिने छ। गाउँपालिका र वडा कार्यलयको नागरिक वडा पत्र सञ्चालनमा ल्याइने छ। सेवा प्रवाह प्रवक्ता सूचना अधिकारीको कार्य विवरण तयार गरि लागू गरिनेछ। गाउँपालिका र वडा कार्यलयहरुमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ। गुनासो सुनुवाई गर्न वडा कार्यलयहरुमा गुनासो संयन्त्र निर्माण गरिनेछ। ज्येष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सूरक्षाको कार्यक्रम अन्तर्गत लाभग्राही विवरण अनलाइनलाई अवधिक गर्न निरन्तरता दिइने छ। गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइने छ। स्थानीय तहको कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधा व्यवस्थापनका लागि कर्मचारी कल्यान कोष स्थापना गरिनेछ। स्थानिय तहको शासन र प्रशासन संयन्त्रलाई समावेशी र सेवामुखी बनाउनेमा जोड दिइनेछ। सरकारी सेवा प्रदायक निकायको दक्षता, जबाफदेहिता, पारदर्शिता, प्रभावकारिता शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, अनलाइन र मोबाइल एप्स मार्फत सुचना प्रवाहलाई जोड दिइनेछ। योजनाहरुको डिपिआर, डिजिटल भिलेज प्रोफाइल र पालिकाको आवधिक योजनालाई यसै आर्थिक वर्ष कार्यान्वयन गरिनेछ।

अन्तमा लामो संघर्षपछि प्राप्त संघीय व्यवस्थामा निदृष्ट उपलब्धीहरुलाई संस्थागत गर्ने कुरा थबाङ गाउँपालिकाको समृद्धिको यात्रा यसै नीति कार्यक्रमद्धारा संभव हुने कुराको विश्वास गर्दछु।

धन्यावाद।

वीर बहादुर घर्ति

अध्यक्ष